# रामधुनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

झुम्का ,सुनसरी
कोशी प्रदेश, नेपाल

प.स. २०८०/०८१
च.न. २६८८

मितिः २०८१/०३/१४
११४४ तछलागा ७ शुक्रबार

रामधुनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय झुम्का, सुनसरी नेपाल

बिषयः- कर्मचारीको तह वृद्धि सूचना।

प्रस्तुत बिषयमा कर्मचारी समायोजन ऐन २०७५ बमोजिम र संघीय लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई स्थानिय तहमा सिफारिस / समायोजन/ समायोजन संसोधन भएका यस रामधुनी नगर कार्यपालिका वा मातहतका कार्यलयमा कार्यरत स्थायी कर्मचारीहरुको कोशी प्रदेशको स्थानीय सरकारी सेवाको गठन, संचालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको "स्थानीय सरकारी सेवा ( गठन तथा संचालन) ऐन ,२०८०" तथा "रामधुनी नगरपालिकामा स्थानीय सरकारी सेवाका कर्मचारीहरुको तह वृद्धी सम्बन्धि कार्यविधि २०८१" बमोजिम योग्यता पुगेका कर्मचारीहरुले तपसिल बमोजिमको कागजात सहित तोकिएको समयभित्र रितपुर्बक फारम भरी यस कार्यलयमा पेश गर्नु हुन अनुरोध छ ।

तपसिल :

१.स्थानीय सरकारी सेवा गठन तथा संचालन ऐन ,२०८० को दफा ८ को उपदफा १६ बमोजिम योग्यता पुगेका कर्मचारीहरुको हकमा यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तपसिल बमोजिमको कागजात सहित निवेदन दिनु हुन ।

क. निवेदन ।

ख. नियुक्तीको प्रमाण पत्र ।

ग.समायोजन भएको पत्र वा संघीय लोकसेवाबाट सिफारिस र नियुक्तिको पत्र ।

घ.शैक्षिक योग्यताको प्रतिलिपि ।

२. स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन ,२०८० को दफा २७ को उपदफा १ बमोजिम योग्यता पुगेका कर्मचारीहरुको हकमा यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तपसिल बमोजिमको कागजात सहित निवेदन दिनु हुन ।

क. निवेदन ।

ख. नियुक्ती/ बढुवा/तह वृद्धिको प्रमाण पत्र ।

ग.समायोजन भएको पत्र वा संघीय लोकसेवाबाट सिफारिस र नियुक्तिको पत्र ।

घ.शैक्षिक योग्यताको प्रमाण पत्र ।

ङ.पछिल्लो ३ वर्षको कार्यसम्पादन मुल्यांकन।

२०८१/०३/१४

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका